Ref.

**गहिरो समवेदना**

गैरआवासीय नेपाली संघका अध्यक्ष भवन भट्टज्यूका पुज्यनीय पिता यदुप्रसाद भट्टको टोक्यो जापानमा भएको निधनप्रति गैरआवासीय नेपाली संघ गहिरो शोक प्रकट गर्दछ ।

वि.सं २००१ मा गोरखाको भीमसेन गाउँपालिका कुबिन्डेमा जन्मनु भएका भट्ट हाल समाज सेवामा सक्रिय हुनुहुन्थ्यो । पहिले राजनीतिमा संलग्न भट्ट वि.सं. २०३९ सालमा वाणिज्य सहायक मन्त्री हुनु भएको थियो । श्री भट्टको निधनबाट मुलुकले एक कुशल राजनीतिज्ञ र ख्यातिप्राप्त समाजसेवी गुमाएको छ । उहाँका श्रीमती, तीन छोरा र तीन छोरी हुनुहुन्छ ।

यस दुखद घडीमा गैरआवासीय नेपाली संघ र संघका सदस्यहरु स्वर्गीय भट्टको आत्माको चीरशान्तिको कामना गर्दै उहाँप्रति हार्दिक श्रध्दाञ्जली अर्पण गर्दछौं । यसैगरी संघका अध्यक्ष भट्ट र उहाँको परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै यस शोकको घडीमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी श्री परमेश्वरसंग प्रार्थना गर्दछौं ।

गैरआवासीय नेपाली संघ
अन्तर्राष्ट्रिय समन्वय परिषद